# देवदह नगरपालिकालाई उपाधि

अनिल खत्री, गुल्मी



गुल्मी जिल्लाको इस्मा गाउँपालिकामा सम्पन्न पालिका स्तरीय क्रिकेट प्रतियोगितामा रूपन्देहीको देवदह नगरपालिकाले उपाधि जितेको छ।

फाइनल खेलमा देवदह नगरपालिकाले सिमीचौरको नवदीप युवा क्लबलाई १ सय ४ रनले हराएर उपाधि जितेको हो। देवदहले नवदीपलाई १ सय ६४ रनको विजयी लक्ष्य दिएको थियो। जवाफमा नवदीपले ९ विकेटको क्षतिमा ६० रनमात्रै बनाउन सक्यो।

१२ टोली सहभागी भएको प्रतियोगिताको उपाधि जितेको देवदेहले ५५ हजार र उपविजेता नवदिपले २५ हजार रुपियाँ प्राप्त गरे। दुवै टोलीलाई इस्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले पुरस्कार र ट्रफी प्रदान गरेका थिए।

ग्रामीणस्तरमा प्रतिभा पहिचान, अवसर सिर्जना र युवा सक्रियता बढाउने उद्देश्यसहित गरिएको यो प्रतियोगिताले इस्मा क्षेत्रमा खेलकुद विकासको महत्वपूर्ण रूपमा हेरिएको अध्यक्ष खड्काले बताए। उनले खेलले युवालाई एकताबद्ध गर्ने र अनुशासन तथा आत्मविश्वास बढाउने बताए।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Transport Management
Minbhawan, Kathmandu

**Invitation for Electronic Bids**

Date of Publication: 11-December-2025

The Office of the Department of Transport Management (DOTM) invites electronic bids from Nepalese Eligible Bidders for the Construction of Prefab Office Building of Department of Transport Management under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and office of the Department of Transport Management (DOTM), Minbhawan, Kathmandu during office hours.



षडानन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिङ्ला, भोजपुर
कोशी प्रदेश, नेपाल

**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

प्रथम पटक प्रकाशीत मिति २०८२/०८/२५

यस नगरपालिकाको कार्यालयबाट मिति २०८२/७/२० गते E–Bid माध्यमबाट प्रकाशित शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार देहायको कार्य गर्नको लागि विद्युतीय खरिद प्रणाली (e–bidding) मार्फत प्राप्त हुन आएका शिलवन्दी बोलपत्रको मूल्याङ्कन गर्दा तपसिलको शिलवन्दी बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | सफल हुने फर्म/कम्पनीको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर / PS सहित) |
|---|---|---|---|
| SM/NCB/Rajaswa /03/2082/83 | Internal revenue collection and sale of River based Materials ( Stone, Gravel, aggregate and sand) of Arun River in Shadananda Municipality, Bhojpur (Rewadovan, Lamsuwa ghat, Khakuwa Dovan, Turkaypul and Gopitar) | M/s D and P Construction Pvt. Ltd., Bhaktapur | रु. ३२,६०,२७६।०० (अक्षरेपी रू. बत्तिस लाख साठी हजार दुई सय छ्यहत्तर रुपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास कार्यालय
मानभवन, ललितपुर, नेपाल

**कृषि विकास कार्यक्रममा सहभागिताको लागि प्रस्ताव/आवेदन आव्हानको सूचना**

सूचना नं–३
प्रथम पटक प्रकाशित मिति २०८२/०८/२५

कृषि विकास कार्यालय, ललितपुरको आ.ब.२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न यस कार्यालयको कार्यक्षेत्र ललितपुर, काठमाण्डौ र भक्तपुर भित्रका इच्छुक/योग्य आवेदकहरु (कृषक समुह/कृषि सहकारी/कृषि फार्म/कृषि कार्यगर्ने कम्पनीहरु) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२/०९/१६ गते) कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात, निवेदन सहित अनुसूचीमा उल्लेख भए बमोजिमको प्रस्ताव तयार गरी यस कार्यालय वा काठमाण्डौ र भक्तपुर जिल्लाको कृषि सेवा केन्द्रहरुमा दर्ता गर्नुहुन सूचना आव्हान गरिन्छ। यस कार्यक्रम संचालनको लागि एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालनको लागि कार्यालयको बेवसाइट www.lalitpur.akc.gov.np मार्फत सूचना तथा कार्यविधिहरु प्राप्त गर्न सकिनेछ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश हेटौडाको बेवसाइट www.molmac.bagamati.gov.np बाट पनि कार्यविधिहरु डाउनलोड गर्न सकिने छ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. लाखमा | प्रति कार्यक्रम न्यूनतम मापदण्ड/प्रस्तावक |
|---|---|---|---|
| १ | कौंसी खेती प्रवर्धन कार्यक्रम (प्रदेश निर्वाचन क्षेत्र: काठमाण्डौ-१(१), १(२), ३(१), ५(१), ५(२), ६(१), ७(१), ८(१)। ललितपुर २(२) ) | १०५ | २५ घर धुरिको क्लष्टर (कृषक समुह/कृषि सहकारी तथा टोल विकास संस्था) |
| २ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | १४ | खुला जमिनमा १० रो. र संरक्षित संरचनामा १८० व.मि. क्षेत्रफल (कृषक समुह/कृषि सहकारी तथा निजी कृषि फर्म/ कृषि कम्पनी) |
| ३ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | ७ | २ हेक्टर क्षेत्रफल (कृषक समुह/कृषि सहकारी तथा निजी कृषि फर्म/कृषि कम्पनी) |
| ४ | संरक्षित संरचनामा व्यवसायिक तरकारी तथा पुष्प खेती प्रबर्द्धन कार्यक्रम | ५२.५ | १८० व.मि. क्षेत्रफल (कृषक समुह/कृषि सहकारी तथा निजी कृषि फर्म/कृषि कम्पनी) |
| ५ | स्मार्ट एग्रिकल्चर प्रविधि अबलम्वन सहयोग कार्यक्रम | १४ | खुला जमिनमा ३ रो. र संरक्षित संरचनामा १८० व.मि. क्षेत्रफल (कृषक समुह/कृषि सहकारी तथा निजी कृषि फर्म/ कृषि कम्पनी) |
| ६ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | २१ | कार्यविधिमा उल्लेख भए अनुसार |
| ७ | ब्यबसायिक च्याउ खेति प्रबर्धन कार्यक्रम | २१ | कन्ये : १५०० किलो वीउ बरावर, गोब्रे :२०० किलो वीउ बरावर, सिताके: २००० मुडा (कृषक समुह/कृषि सहकारी तथा निजी कृषि फर्म/कृषि कम्पनी) |
| ८ | ट्रस्ट सहितको कोल्ड च्याम्बर निर्माण | १४ | कार्यविधिमा उल्लेख भए अनुसार |
| ९ | साना सिचाई कार्यक्रम | २३.८ | स्यालो बोरिङ्गको कमान्ड क्षेत्र १ हे. (कृषक समुह/कृषि सहकारी, जल उपभोक्ता समिति तथा निजी कृषि फर्म) |

**पुनश्च** : कार्यक्रम कार्यान्वयनको क्रममा प्रदेश सरकारबाट कार्यक्रम, कार्यविधि संसोधन भई स्वीकृत बजेट एवं लक्ष्य परिमाणमा परिवर्तन भएमा सोही अनुरुप कार्यक्रम सम्झौता तथा कार्यान्वयन हुनेछ। गत आ.व.मा मन्त्रालय वा मातहतका कार्यलय मार्फत कृषि क्षेत्रको विकासका लागी अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आ.व.को अनुदान कार्यक्रममा सहभागि गराइने छैन। तर समुह/सहकारीको हकमा गत आ.व. मा अनुदान सहयोग प्राप्त गरेका बाहेकका सदस्यहरु मात्र अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।


# एनपीएल २ को फाइनल पुग्न लुम्बिनीले विराटनगरको सामना गर्ने

नेपाल समाचारपत्र, काठमाडौं

नेपाल प्रिमियर लिगअन्तर्गत इलिमिनेटर खेल जित्दै लुम्बिनी लायन्स दोस्रो क्वालिफायरमा खेल्ने पक्का गरेको छ।

बुधबार त्रिवि रंगशालामा भएको खेलमा लुम्बिनीले काठमाडौं गोर्खाजलाई ४ विकेटले हराएको हो। यो नतिजापछि काठमाडौं प्रतियोगिताबाट बाहिरियो भने लुम्बिनीले फाइनलमा पुग्न विराटनगर किंग्सविरुद्ध खेल्नेछ।

विराटनगर र लुम्बिनीबीचको खेलको विजेता टोलीले शनिवार हुने फाइनलमा सुदूरपश्चिम रोयल्ससँग खेल्ने तय गर्नेछ। यसअघि सुदूरले विराटनगरलाई हराएको थियो।

## लुम्बिनीको लगातार चौथो जित

प्रतियोगिताको पहिलो खेलमा जित हासिल गरेको लुम्बिनीले त्यसपछि लगातार तीन खेल हार्दा प्रतियोगिताबाटै बाहिरिने सम्भावनामा परेको थियो। तर, यसपछि तीन खेलमा लगातार जितेर प्लेअफमा स्थान बनाएको रोहितको टोलीले प्लेअफमा काठमाडौंलाई पनि हराउन सफल भयो। योसँगै लुम्बिनीले लगातार चौथो जित हासिल गरेको हो।

पहिले ब्याटिङ गरेको काठमाडौंका ब्याटरहरूले लुम्बिनीका बलरविरुद्ध खुलेर खेल्नै सकेनन्। कोही ब्याटर पनि क्रिजमा लामो समयसम्म टिकेनन्। टोलीका लागि चार जना ब्याटरले मात्रै दोहोरो अंकमा रन बनाए। अन्यको उल्लेखनीय योगदान हुन नसक्दा काठमाडौं १९.१ ओभरमा १ सय ११ रनमै समेटिएको थियो।

काठमाडौंका लागि सन्तोष यादवले सर्वाधिक २३ रनको योगदान दिएका थिए। जोन सिम्पसन र मोहमद आदिल आलमले समान १८ रन जोडे भने भीम सार्कीले १४ रन बनाएका थिए।

काठमाडौंको ब्याटिङ ध्वस्त बनाउन लुम्बिनीका बलरमा कप्तान रोहित पौडेल र शेर मल्लले ३-३ विकेट लिए। यस्तै, रुबेन ट्रम्पलम्यानले २ तथा अभिषेस गौतमले १ विकेट लिए। एक जना ब्याटर रनआउट भएका थिए।

## लायन्स अन्तिममा धर्मरायो

काठमाडौंले १ सय १२ रनको सामान्य चुनौती दिए पनि लुम्बिनीले त्यसलाई पाउन १८ ओभरसम्म संघर्ष गर्नुपरेको थियो। लुम्बिनीले १२ ओभरसम्म ३ विकेट गुमाएर ६७ रन बनाएको थियो। चौथो विकेटका लागि २९ रनको साझेदारी भयो। तर, यसपछि भने लुम्बिनीका लायनहरू धर्मराउन पुगेका थिए।

जब सन्दीप जोरा पभेलियन फर्के त्यसपछि खेल केही क्षणका लागि रोमाञ्चक बन्न पुग्यो। १७ औं ओभरमा २ विकेट र १८ औं ओभरमा १ विकेट लिएर काठमाडौंले खेल रोमाञ्चक बनाएको थियो। तर, कम रन भएकोले लुम्बिनीलाई काठमाडौंले जित्न रोक्न सकेन।

लुम्बिनीले १७.४ ओभरमा जित्दै यो खेलमा थप नाटकीय बन्न दिएन। विजेता टोलीका लागि डार्सी सर्टले सर्वाधिक ३३ रन बनाए भने सन्दीप जोराले २३ रनको योगदान दिए। यस्तै, रोहितले १८ रन बनाए। काठमाडौंका लागि सन्तोष यादवले सर्वाधिक २ विकेट लिएका थिए।

**संक्षिप्त स्कोर** :

काठमाडौं गोर्खाज
१११ (१९.१ ओभर) सन्तोष यादव २३ रन/शेर मल्ल ३-२२

लुम्बिनी लायन्स
११२/६ (१७.४ ओभर) डार्सी सर्ट ३३ रन/सन्तोष यादव २-१७


लुम्बिनी लायन्स ४ विकेटले विजयी

## च्याम्पियन्स लिग

# ठूला टोलीहरूको मिश्रित नतिजा

लन्डन, (एजेन्सी)

च्याम्पियन्स लिगअन्तर्गत मंगलवार राति सम्पन्न खेलमा ठूला टोलीहरूले मिश्रित नतिजा निकालेका छन्। जसमा, स्पेनको बार्सिलोना र एट्लेटिको मेड्रिड, जर्मनीको बायर्न म्युनिख र इंग्ल्यान्डको लिभरपुलले जित निकाले। तर, इंग्लिस टोली चेल्सी र इटालीको इन्टर मिलानले हार बेहोरका छन्।





एक गोलले पछि परेको बायर्नले स्पोर्टिङ सिपीलाई ३-१ ले पन्छाउन सफल भयो। ५४औं मिनेटमा जोशुआ किमिचको आत्मघाती गोलबाट स्पोर्टिङले अग्रता लिएको थियो।

तर, बायर्नले पछि तीन गोल गरेर नतिजा आफ्नो पक्षमा पारेको थियो। जसमा, ६५औं मिनेटमा सर्ज ग्नाब्रीले बराबरी गोल गरे। ६९औं मिनेटमा १७ वर्षका लेन्नार्ट कार्लले गोल गर्दै बायर्नलाई अग्रतामा राखे।

योसँगै कार्लले लगातार ३ च्याम्पियन्स लिग खेलमा गोल गर्ने सबैभन्दा कान्छो खेलाडीको कीर्तिमान बनाए। ७७ औं मिनेटमा जोनाथन टाहले गोल गर्दै बायर्नको जित पक्का गरे। योसँगै बायर्न नकआउट चरणमा स्थान पक्का गरे।

बार्सिलोनाले घरेलु मैदान क्याम्प नोउमा फ्रेन्कफर्टलाई २-१ ले हरायो। बार्सिलोना पनि खेलमा पछि परेको थियो। २१औं मिनेटमा नथानियल ब्राउनको पासमा एनस्गार कुनाउफले गोल गर्दै फ्रेन्कफर्टलाई अघि बढाए।

दोस्रो हाफमा मैदान प्रवेश गरेका मार्कस रासफोर्डले ५० औं मिनेटमै दिएको क्रसमा जुलेस कुनडेले हेड गर्दै बराबरी गोल फर्काए। त्यसको ३ मिनेटपछि लामिन यामलको क्रसमा कुनडेले अर्को हेडर गोल गरे। यो जितपछि बार्सिलोना १० अंकमा पुगेको छ। फ्रेन्कफर्ट ४ अंकमै सीमित रह्यो।

## लिभरपुलसँग इन्टर पराजित

डोमिनिक सोबोस्जलाईले निर्धारित समय सकिन २ मिनेट बाँकी हुँदा गोल गरेपछि लिभरपुलले इन्टरमिलानलाई १-० ले हराउन सफल भयो। ८८ औं मिनेटमा प्राप्त पेनाल्टी सदुपयोग गरेपछि लिभरपुलले जित हासिल गरेको हो। योसँगै लिभरपुलको १२ अंक भएको छ। हार बावजुद इन्टर १२ अंकसहित लिभरपुलभन्दा माथिल्लो स्थानमा रहेको छ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक विभाग
सडक डिभिजन पोखरा

**बोलपत्र स्वीकृतिको लीग आशयको सूचना**

प्रकाशित मिति २०८२/०८/२५

यस कार्यालयको बोलपत्र आह्वानको सूचना नं ०९-०८२/८३ मा उल्लेखित ठेक्का नं RDPKR/33701134/082/83-45 को प्रविधिक मूल्यांकनमा सफल भएका बोलपत्रहरु मध्येबाट मिति २०८२/०८/०९ मा खोलिएको आर्थिक प्रस्ताव अनुरुप तपशिलको न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|---|
| 1. | RDPKR/ 33701134/082/83-45 | Periodic Maintenace Works on Mirdi - jagatbhanjyang -chapakotr road (NH-69), Syangja | M/S Bibek&Kuber Builders Pvt.Ltd, Waling-6 Syangja | 2,91,82,899.44 |

डिभिजन प्रमुख



नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशन मितिः २०८२/०८/२५ गते

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

तपशिल

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/ Works/05/082/83 | Upgrading of Aaiseluchaur Dapcha Sadak Ward 10 | NRs. 59,58,032.08 | NRs. 150,000.00 | NRs. 3000.00 |
| NMUN/NCB/ Works /06/082/83 | Construction of Gineri Khulumdada Sadak | NRs. 25,81,202.31 | NRs. 60,000.00 | NRs. 3000.00 |
| NMUN/NCB/ Works /07/082/83 | Upgrading Of Kotdevi Thulipokhari Shreerambasti, Buchhakot, Panchkhal Sadak | NRs. 98,02,766.26 | NRs. 250,000.00 | NRs. 3000.00 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajswo Shirshak: 14219<br>Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002**<br>Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002** | | | |